# विगु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा

**महिला, बालबालिका तथा समाज कल्याण इकाईको**

**आर्थिक वर्ष २०८२/०८३**

**वार्षिक प्रगति तथा कार्यक्रम सम्पन्न प्रतिवेदन**

**२०८३**

**पेस गर्ने**

**महिला, बालबालिका तथा समाज कल्याण इकाई**

**विगु गाउँपालिका, लादुक, दोलखा**

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | परिचय तथा प्रतिवेदनको उद्देश्य | ३ |
| २ | इकाईको कार्यक्षेत्र, जिम्मेवारी तथा सेवा प्रवाह | ४ |
| ३ | आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित कार्यक्रमहरूको समग्र अवस्था | ५ |
| ४ | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान | ६ |
| ५ | बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम | ७ |
| ६ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस कार्यक्रम | ८ |
| ७ | अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम | ९ |
| ८ | महिला सीप विकास एवं आयआर्जन कार्यक्रम | १० |
| ९ | ज्येष्ठ नागरिक तथा असहाय कार्यक्रम | ११ |
| १० | नियमित सेवा प्रवाह तथा लाभग्राही व्यवस्थापन | १२ |
| ११ | कार्यक्रमगत वित्तीय तथा भौतिक प्रगति, कार्यक्रमका उपलब्धि | १३ |
| १२ | कार्यक्रमका समस्या र चुनौति, कार्यक्रमका सबल पक्ष | १४ |
| १३ | सुधार गर्नुपर्ने पक्ष, निष्कर्ष | १५ |
| १४ | अनुसूची | १६-२२ |

## १. परिचय तथा प्रतिवेदनका उद्देश्य

विगु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयअन्तर्गत महिला, बालबालिका तथा समाज कल्याण इकाईले आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रम तथा उपलब्ध स्रोतसाधनको आधारमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा संरक्षण र सामाजिक समावेशीकरणको आवश्यकता भएका नागरिकलाई लक्षित गरी विभिन्न कार्यक्रम तथा सेवा सञ्चालन गरेको छ। स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने सामाजिक संरक्षण, अधिकार प्रवर्द्धन, जनचेतना अभिवृद्धि, क्षमता विकास, समुदाय परिचालन तथा सेवा सहजीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ।

यस प्रतिवेदनमा आर्थिक वर्षभरि सञ्चालन गरिएका प्रमुख कार्यक्रमको पृष्ठभूमि, उद्देश्य, लक्षित वर्ग, सञ्चालन गरिएका क्रियाकलाप, लाभान्वित संख्या, वित्तीय अवस्था, प्राप्त उपलब्धि, सबल पक्ष, देखिएका समस्या तथा सुधार गर्नुपर्ने पक्ष समेटिएको छ। साथै नियमित सेवा प्रवाहअन्तर्गत सम्पादन गरिएका कार्य तथा आगामी आर्थिक वर्षमा अवलम्बन गर्नुपर्ने कार्यदिशासमेत समावेश गरिएको छ।

प्रतिवेदन तयार गर्ने क्रममा स्वीकृत वार्षिक कार्यक्रम, कार्यक्रम सञ्चालनसम्बन्धी अभिलेख, वडा कार्यालयबाट प्राप्त विवरण, सहभागी तथा लाभग्राहीको विवरण, खर्चसम्बन्धी कागजात तथा कार्यक्रम सम्पन्न भएपछि तयार भएका प्रतिवेदनलाई आधार बनाइएको छ।

यस प्रतिवेदनको प्रमुख उद्देश्य आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन भएका कार्यको अभिलेख तयार गर्नु, कार्यक्रम कार्यान्वयनको अवस्था स्पष्ट गर्नु, प्राप्त उपलब्धिको समीक्षा गर्नु र यसका साथै लक्षित वर्गको आवश्यकता, सेवा पहुँच तथा कार्यक्रमको प्रभावकारिताका आधारमा आगामी कार्यलाई थप व्यवस्थित बनाउने विषय समेत प्रतिवेदनमा उल्लेख गरिएको छ।

### प्रतिवेदनका मुख्य उद्देश्य

- इकाईबाट वर्षभरि सम्पादन गरिएका कार्यक्रम तथा सेवाको एकीकृत विवरण प्रस्तुत गर्ने।
- स्वीकृत कार्यक्रमको कार्यान्वयन तथा वित्तीय प्रगतिको समीक्षा गर्ने।
- लक्षित वर्गमा पुगेको सेवा, सहभागिता तथा उपलब्धिको अवस्था पहिचान गर्ने।
- कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा सुधारका क्षेत्र पहिचान गर्ने।

## २. इकाईको कार्यक्षेत्र, जिम्मेवारी तथा सेवा प्रवाह

महिला, बालबालिका तथा समाज कल्याण इकाईको कार्यक्षेत्र महिला तथा बालबालिकाको अधिकार संरक्षण, लैङ्गिक समानता प्रवर्द्धन, हिंसा तथा विभेद न्यूनीकरण, बालविवाह तथा अन्य सामाजिक कुरीति नियन्त्रण, अपाङ्गता भएका व्यक्तिको सामाजिक समावेशीकरण, ज्येष्ठ नागरिक तथा असहाय नागरिकको संरक्षण तथा लक्षित सेवामा पहुँच अभिवृद्धिसँग सम्बन्धित रहेको छ।

इकाईबाट कार्यक्रम सञ्चालनका अतिरिक्त सेवाग्राहीलाई आवश्यक सूचना तथा सेवा सहजीकरण उपलब्ध गराउने कार्य नियमित रूपमा गरिएको छ। विशेष गरी ज्येष्ठ नागरिक परिचयपत्र तथा अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी कार्य, लक्षित वर्गको विवरण संकलन, सम्बन्धित वडा कार्यालयसँग समन्वय तथा सेवासम्बन्धी सहजीकरणका कार्य सम्पादन गरिएको छ।

कार्यक्रम कार्यान्वयनका क्रममा वडा कार्यालय, विद्यालय, महिला तथा आमा समूह, स्वयंसेविका, शिक्षक, विद्यार्थी, जनप्रतिनिधि, समुदायका अगुवा तथा सम्बन्धित संघसंस्थासँग आवश्यक समन्वय गरिएको थियो। कार्यक्रमको प्रकृति र लक्षित वर्गअनुसार स्थानीयस्तरमा उपलब्ध जनशक्ति तथा स्रोतसाधन परिचालन गरी कार्यक्रम सञ्चालन गरिएको छ। सेवा प्रवाहलाई व्यवस्थित बनाउन अभिलेख व्यवस्थापनलाई समेत प्राथमिकता दिइएको छ। कार्यक्रमअनुसार सहभागी, लाभग्राही, खर्च तथा उपलब्धिको विवरण राख्ने अभ्यासलाई निरन्तरता दिइएको छ।

### प्रमुख कार्यक्षेत्र

- महिला अधिकार, लैङ्गिक समानता तथा महिला सशक्तीकरणसम्बन्धी कार्यक्रम सञ्चालन तथा समन्वय।
- लैङ्गिक हिंसा, घरेलु हिंसा तथा विभेद न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन।
- बालविवाह तथा बालबालिकासम्बन्धी अन्य जोखिम न्यूनीकरणका लागि समुदाय परिचालन।
- अपाङ्गता भएका व्यक्तिको सीप विकास, पुनर्स्थापना तथा सामाजिक समावेशीकरणमा सहजीकरण।
- ज्येष्ठ नागरिक तथा असहाय नागरिक लक्षित सहयोग तथा संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी सेवा तथा अभिलेख व्यवस्थापन।

## ३. आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित कार्यक्रमहरूको समग्र अवस्था

आर्थिक वर्ष २०८२/०८३ मा इकाईअन्तर्गत महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रमको प्रकृति फरक भए पनि सबै कार्यक्रम सामाजिक संरक्षण, अधिकार प्रवर्द्धन, जनचेतना अभिवृद्धि, क्षमता विकास तथा लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यसँग सम्बन्धित रहेका थिए।

आर्थिक वर्षमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, बालविवाह अन्त्यका लागि समुदाय परिचालन, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस, अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग, महिला सीप विकास एवं आयआर्जन तथा ज्येष्ठ नागरिक तथा असहाय कार्यक्रम सञ्चालन गरिएको थियो। यी कार्यक्रमबाट विद्यालय, समुदाय तथा लक्षित वर्गका नागरिकको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिएको थियो।

कार्यक्रम कार्यान्वयनमा सचेतनामूलक कार्यक्रम, अन्तर्क्रिया, ली, सीपमूलक तालिम, सामग्री वितरण तथा समुदाय परिचालनलाई प्राथमिकता दिइएको थियो।

समग्रमा, कार्यक्रम सञ्चालनबाट लक्षित वर्गसँग प्रत्यक्ष सम्पर्क बढेको, अधिकार तथा सामाजिक विषयमा छलफलको वातावरण बनेको र स्थानीय तहबाट सामाजिक संरक्षण तथा सशक्तीकरणसम्बन्धी कामलाई निरन्तरता दिन सहयोग पुगेको छ। आगामी वर्ष कार्यक्रमको प्रभाव मापन तथा कार्यक्रमपछिको अनुगमनलाई थप व्यवस्थित गर्न आवश्यक देखिन्छ।

| क.सं. | कार्यक्रम | विनियोजित रकम रु. | खर्च रु. | खर्च % | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान | १,००,००० | ७०,००० | ७० | २५०+ |
| २ | बालविवाह अन्त्यका लागि समुदाय परिचालन | १,५०,००० | १,४८,७०० | ९९.१३ | ३००+ |
| ३ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस | १,००,००० | ८८,८०० | ८८ | ३००+ |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम | ३,००,००० | २,८५,००० | ९५ | १८ |
| ५ | महिला सीप विकास एवं आयआर्जन | ५,००,००० | ४,९५,००० | ९५ | ९ |
| ६ | ज्येष्ठ नागरिक तथा असहाय कार्यक्रम | ६,००,००० | ४,२०,००४.७३ | ७० | ११८ |

## ४. लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

### कार्यक्रमको पृष्ठभूमि तथा औचित्य

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन हुने अभियानका रूपमा रहेको छ। स्थानीय तहमा यस अभियानमार्फत महिला तथा बालिकामाथि हुने हिंसा, विभेद, सामाजिक कुरीति तथा असमान व्यवहारका विषयमा समुदायलाई सचेत गराउने उद्देश्य राखिएको थियो।

### सञ्चालन प्रक्रिया तथा मुख्य क्रियाकलाप

विगु गाउँपालिकाले यस अभियानअन्तर्गत विभिन्न वडामा सचेतनामूलक र्याली, अन्तर्क्रिया तथा जानकारीमूलक कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा महिला समूह, आमा समूह, स्वयंसेविका, किशोरकिशोरी, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी तथा स्थानीय समुदायको सहभागिता रहेको थियो। लैङ्गिक हिंसाको स्वरूप, महिला अधिकार, हिंसा भएमा सहायता लिन सकिने अवस्था तथा पीडितलाई सहयोग गर्नुपर्ने विषयमा छलफल गरिएको थियो।

### वित्तीय अवस्था

यस कार्यक्रमको लागि रु. १,००,००० विनियोजन भएकोमा रु. ७०,००० खर्च भएको छ। वित्तीय खर्च ७० प्रतिशत रहेको छ।

### कार्यक्रमका उपलब्धि

- स्थानीय महिला, किशोरकिशोरी तथा समुदायमा लैङ्गिक हिंसाका स्वरूप र यसको असरबारे जानकारी अभिवृद्धि भएको।
- हिंसामा परेका व्यक्तिले समस्या लुकाएर बस्नुभन्दा सम्बन्धित निकायमा जानकारी गराउनुपर्ने विषयमा सकारात्मक धारणा विकास भएको।
- महिला अधिकार तथा हिंसा न्यूनीकरणका विषयमा समुदायस्तरमा छलफल गर्ने वातावरण बनेको।

### कार्यक्रमका सबल पक्ष

- अभियानका क्रममा महिला, किशोरकिशोरी तथा समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गरिएको।
- वडा कार्यालय, विद्यालय तथा स्थानीय सरोकारवालासँग समन्वय गरी सन्देशमूलक गतिविधि सञ्चालन गरिएको।

### सुधार गर्नुपर्ने पक्ष

- अभियानपश्चात् निरन्तर अनुगमन तथा सचेतनामूलक गतिविधिलाई नियमित बनाउनुपर्ने।
- सबै वडामा पहुँच र सहभागिता थप व्यवस्थित बनाउनुपर्ने।

## ५. बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम

### कार्यक्रमको पृष्ठभूमि तथा औचित्य

बालविवाह बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा, विकास तथा भविष्यको निर्णय गर्ने अधिकारमा प्रतिकूल प्रभाव पार्ने सामाजिक समस्या भएकाले यसको रोकथामका लागि परिवार, विद्यालय, समुदाय तथा स्थानीय तहको समन्वित प्रयास आवश्यक हुन्छ। सोही आवश्यकतालाई ध्यानमा राखी विगु गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण ईकाइले बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानअन्तर्गत कार्यक्रम सञ्चालन गरिएको थियो।

### सञ्चालन प्रक्रिया तथा मुख्य क्रियाकलाप

कार्यक्रम विगु गाउँपालिका वडा नं. १, २, ३ र ८ का माध्यमिक विद्यालयमा सञ्चालन गरिएको थियो। कक्षा ७ देखि १० सम्मका विद्यार्थी, शिक्षक तथा सम्बन्धित सरोकारवालालाई लक्षित गरी बालविवाहका कारण, कानुनी व्यवस्था, स्वास्थ्य तथा मनोसामाजिक असर, शिक्षा र भविष्यमा पर्ने प्रभाव, लैङ्गिक विभेद तथा सामाजिक दबाबका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो।

### वित्तीय अवस्था

यस कार्यक्रमको लागि रु. १,५०,००० विनियोजन भएकोमा रु. १,४८,७०० खर्च भएको थियो। वित्तीय खर्च ९९.१३ प्रतिशत रहेको छ।

### कार्यक्रमका उपलब्धि

- विद्यार्थी तथा शिक्षकमा बालविवाहका कानुनी, सामाजिक, स्वास्थ्य तथा शैक्षिक असरबारे जानकारी वृद्धि भएको।
- बालविवाह रोकथाममा विद्यालयको भूमिका र विद्यार्थीको जिम्मेवारीबारे स्पष्टता आएको।
- समुदायमा बालविवाहविरुद्ध सकारात्मक सोच विकास गर्न सहयोग पुगेको।

### कार्यक्रमका सबल पक्ष

- विद्यालयलाई केन्द्रमा राखी विद्यार्थी तथा शिक्षकलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरिएको।
- वडा कार्यालय, विद्यालय तथा सम्बन्धित सरोकारवालाबीच समन्वय कायम गरिएको।
- बालविवाहको कानुनी, सामाजिक, स्वास्थ्य तथा शैक्षिक असरबारे प्रत्यक्ष जानकारी दिने अवसर सिर्जना गरिएको।

### सुधार गर्नुपर्ने पक्ष

- विद्यालयमा एकपटकको कार्यक्रमभन्दा निरन्तर अभिमुखीकरण तथा अनुगमनमा जोड दिनुपर्ने।
- अभिभावक तथा समुदायको सहभागिता थप विस्तार गर्नुपर्ने।
- बालविवाह रोकथामसम्बन्धी स्थानीय तथ्यांक तथा घटनाको अभिलेख व्यवस्थित गर्नुपर्ने।

## ६. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस कार्यक्रम

### कार्यक्रमको पृष्ठभूमि तथा औचित्य

महिला दिवस, महिला अधिकार, लैङ्गिक समानता, सम्मान, सहभागिता तथा सशक्तीकरणका विषयमा समुदायको ध्यानाकर्षण गराउने महत्वपूर्ण अवसरका रूपमा रहेको छ। हामीले यस दिवसलाई अधिकारसम्बन्धी जानकारी तथा महिलाको नेतृत्व र सहभागिता प्रवर्द्धन गर्ने अवसरका रूपमा उपयोग गरेका थियौं।

### सञ्चालन प्रक्रिया तथा मुख्य क्रियाकलाप

विभिन्न वडामा सचेतनामूलक र्याली तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएका थिए। महिला समूह, आमा समूह, स्वयंसेविका, किशोरी, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी तथा स्थानीय समुदायको सहभागिता रहेको थियो। महिला अधिकार, नागरिकता तथा सम्पत्तिमाथिको अधिकार, लैङ्गिक समानता, नेतृत्व विकास तथा निर्णय प्रक्रियामा महिलाको सहभागिताका विषयमा छलफल गरिएको थियो।

वित्तीय अवस्था

यस कार्यक्रमका लागि रु. १,००,००० विनियोजन भएकोमा रु. ८८,८०० खर्च भएको छ भने वित्तीय खर्च प्रतिशत ८८ रहेको थियो ।

### कार्यक्रमका उपलब्धि

- महिला अधिकार, लैङ्गिक समानता तथा महिलाको निर्णय प्रक्रियामा सहभागिताबारे समुदायमा जानकारी वृद्धि भएको।
- स्थानीय महिलाको सहभागिता र नेतृत्वका विषयमा छलफल गर्ने अवसर प्राप्त भएको।
- महिला र पुरुषबीच समान अवसर तथा व्यवहार आवश्यक रहेको विषयमा सामूहिक धारणा निर्माण भएको।

### कार्यक्रमका सबल पक्ष

- महिला अधिकार तथा लैङ्गिक समानताका विषयलाई स्थानीयस्तरमा सार्वजनिक छलफलमा ल्याइएको।
- महिला समूह, आमा समूह, किशोरी तथा समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गरिएको।
- महिलाको नेतृत्व, सहभागिता तथा निर्णय प्रक्रियाका विषयमा सकारात्मक वातावरण निर्माण गर्न सहयोग पुगेको।

## ७. अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम

### कार्यक्रमको पृष्ठभूमि तथा औचित्य

अपाङ्गता भएका व्यक्तिलाई सामाजिक, आर्थिक तथा सार्वजनिक जीवनमा समान अवसर र पहुँच उपलब्ध गराउनु सामाजिक समावेशीकरणको महत्वपूर्ण पक्ष हो। सीप विकास तथा आयआर्जनसँग जोडिएका गतिविधिबाट आत्मनिर्भरता बढाउन सहयोग पुग्ने भएकाले यस कार्यक्रमलाई सीपमूलक गतिविधिसँग जोडिएको थियो।

### सञ्चालन प्रक्रिया तथा मुख्य क्रियाकलाप

विगु गाउँपालिका र श्री नेत्रहीन संघ, चरिकोटको संयुक्त आयोजनामा डल्लो साबुन तथा फिनेल बनाउने सम्बन्धी तालिम सञ्चालन गरिएको थियो। तालिममा १८ जना अपाङ्गता भएका व्यक्ति सहभागी भएका थिए।

### वित्तीय अवस्था

यस कार्यक्रमको लागि रु. ३,००,००० विनियोजन भएकोमा रु. २,८५,००० खर्च भएको छ। वित्तीय खर्च ९५ प्रतिशत रहेको छ।

### कार्यक्रमका उपलब्धि

- १८ जना अपाङ्गता भएका व्यक्तिले सीपमूलक तालिम प्राप्त गरेका।
- स्थानीयस्तरमै सानो लगानीबाट उत्पादन तथा आयआर्जन गर्न सकिने सम्भावनाबारे जानकारी प्राप्त भएको।
- अपाङ्गता भएका व्यक्तिको क्षमता र आत्मनिर्भरतालाई प्राथमिकता दिनुपर्ने विषयमा सकारात्मक वातावरण बनेको।

### कार्यक्रमका सबल पक्ष

- लक्षित १८ जना अपाङ्गता भएका व्यक्तिलाई सीपमूलक तालिमको अवसर उपलब्ध गराइएको।
- सम्बन्धित संस्थासँग सहकार्य गरी तालिम सञ्चालन तथा प्राविधिक सहजीकरण गरिएको।
- सीपलाई सानो लगानी तथा आयआर्जनसँग जोड्न सकिने सम्भावनाबारे जानकारी प्रदान गरिएको।

### सुधार गर्नुपर्ने पक्ष

- तालिमपछि सहभागीले सीप प्रयोग गरेको अवस्था नियमित रूपमा अनुगमन गर्नुपर्ने।
- उत्पादन, बजार तथा आयआर्जनसँग जोडिने थप सहजीकरण आवश्यक देखिएको।
- अपाङ्गता भएका व्यक्तिको आवश्यकता र क्षमताअनुसार विषयगत कार्यक्रम विस्तार गर्नुपर्ने।

## ८. महिला सीप विकास एवं आयआर्जन कार्यक्रम

### कार्यक्रमको पृष्ठभूमि तथा औचित्य

महिलाको आर्थिक सशक्तीकरणका लागि सीपलाई उत्पादन तथा बजारसँग जोड्नु आवश्यक हुन्छ। स्थानीय स्रोतसाधनको उपयोग गरी महिलालाई उत्पादनमुखी गतिविधिमा संलग्न गराउँदा आयआर्जनका अवसर विस्तार गर्न सकिने भएकाले कृषि उत्पादनमा आधारित कार्यक्रम सञ्चालन गरिएको थियो।

### सञ्चालन प्रक्रिया तथा मुख्य क्रियाकलाप

विगु गाउँपालिका वडा नं. ३ स्थित श्री चण्डेश्वरी कृषि तथा पशुपन्छी सामूहिक फर्ममार्फत अकबरे खुर्सानी खेती कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा फर्ममा आबद्ध ९ जना महिला कृषक प्रत्यक्ष रूपमा सहभागी भएका थिए। उत्पादन व्यवस्थापन, व्यावसायिक खेतीको सम्भावना, सामूहिक उत्पादनमा जोड दिइएको थियो।

### वित्तीय अवस्था

यस कार्यक्रमको लागि रु. ५,००,००० विनियोजन भएकोमा रु. ४,९५,००० खर्च भएको छ। वित्तीय खर्च ९५ प्रतिशत रहेको छ।

### कार्यक्रमका उपलब्धि

- ९ जना महिला कृषक व्यावसायिक अकबरे खुर्सानी उत्पादनमा प्रत्यक्ष संलग्न भएका।
- स्थानीय स्रोतसाधनमा आधारित कृषि उत्पादनमार्फत आयआर्जन गर्न सकिने सम्भावना देखिएको।

### कार्यक्रमका सबल पक्ष

- स्थानीय स्रोतसाधनमा आधारित कृषि उत्पादनलाई महिलाको आयआर्जनसँग जोडिएको।
- ९ जना महिला कृषकलाई सामूहिक उत्पादन तथा व्यावसायिक खेतीतर्फ प्रोत्साहन गरिएको।

### सुधार गर्नुपर्ने पक्ष

- उत्पादनको परिमाण, बिक्री तथा वास्तविक आयआर्जनको नियमित अभिलेख राख्नुपर्ने।
- सफल अभ्यासलाई अन्य इच्छुक महिला कृषकसम्म विस्तार गर्ने आधार तयार गर्नुपर्ने।

## ९. ज्येष्ठ नागरिक तथा असहाय कार्यक्रम

### कार्यक्रमको पृष्ठभूमि तथा औचित्य

ज्येष्ठ नागरिक तथा असहाय नागरिकको दैनिक जीवनयापनमा केही सहजताका लागि आवश्यक सामग्री उपलब्ध गराउने उद्देश्यले लक्षित वर्ग पहिचान गरी सहयोग कार्यक्रम सञ्चालन गरिएको थियो। विशेष गरी एकल, अशक्त, विपन्न, अपाङ्गता भएका तथा सहयोगको आवश्यकता भएका नागरिकलाई प्राथमिकतामा राखिएको थियो।

### सञ्चालन प्रक्रिया तथा मुख्य क्रियाकलाप

सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएका लाभग्राहीको विवरणका आधारमा फाइबर ब्ल्याङ्केट, इलेक्ट्रिक जग तथा चार्जिङ टर्च वितरण गरिएको थियो। उपलब्ध विवरणअनुसार ११८ जना ज्येष्ठ नागरिक तथा असहाय नागरिक लाभान्वित भएका छन्। वडागत रूपमा प्राप्त लाभग्राही विवरणलाई आधार मानी सामग्री वितरण गरिएको थियो।

### वित्तीय अवस्था

रु. ६,००,००० विनियोजन भएकोमा रु. ४,२०,००४.७३ खर्च भएको छ। खर्च करिब ७० प्रतिशत रहेको छ।

### कार्यक्रमका उपलब्धि

- ११८ जना लक्षित नागरिकले आवश्यक सामग्री प्राप्त गरी दैनिक जीवनयापनमा सहयोग पुगेको।
- वडा कार्यालयमार्फत लक्षित लाभग्राही पहिचान तथा सिफारिस गर्ने अभ्यासलाई उपयोग गरिएको।
- ज्येष्ठ नागरिक तथा असहाय नागरिकप्रति स्थानीय तहको संरक्षणात्मक भूमिकालाई व्यवहारमा उतार्न सहयोग पुगेको।

### कार्यक्रमका सबल पक्ष

- वडा कार्यालयबाट प्राप्त विवरणका आधारमा लक्षित लाभग्राही पहिचान गरी सामग्री वितरण गरिएको।
- ११८ जना ज्येष्ठ नागरिक तथा असहाय नागरिकलाई आवश्यक सामग्री उपलब्ध गराइएको।
- तत्काल आवश्यक सहयोग उपलब्ध गराई स्थानीय तहको संरक्षणात्मक भूमिकालाई प्रभावकारी बनाउने प्रयास गरिएको।

### सुधार गर्नुपर्ने पक्ष

- सहायता सामग्री छनोट गर्दा लाभग्राहीको वास्तविक आवश्यकता तथा उपयोगितालाई थप आधार बनाउनुपर्ने।
- सामग्री वितरणपछि उपयोग तथा प्रभावको संक्षिप्त अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।

## १०. नियमित सेवा प्रवाह

कार्यक्रम सञ्चालनका अतिरिक्त महिला, बालबालिका तथा समाज कल्याण इकाईबाट सेवाग्राहीलाई आवश्यक सेवा तथा सहजीकरणसम्बन्धी कार्य नियमित रूपमा सम्पादन गरिएको छ। विशेष गरी ज्येष्ठ नागरिक परिचयपत्र तथा अपाङ्गता परिचयपत्र वितरण, लक्षित वर्गको विवरण संकलन, वडा कार्यालयसँग समन्वय तथा सेवासम्बन्धी आवश्यक जानकारी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ।

### नियमित सेवातर्फका प्रमुख कार्य

- ज्येष्ठ नागरिक परिचयपत्र वितरणसम्बन्धी कार्य नियमित रूपमा सम्पादन गरिएको।
- अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी कार्य नियमित रूपमा सम्पादन गरिएको।
- वडाबाट प्राप्त लक्षित वर्गको विवरण संकलन तथा कार्यक्रम प्रयोजनमा प्रयोग गरिएको।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिसम्बन्धी सूचना तथा आवश्यक सहजीकरण उपलब्ध गराइएको।
- सम्बन्धित वडा, विद्यालय तथा सरोकारवाला निकायसँग कार्यक्रम सञ्चालनका क्रममा समन्वय गरिएको।

## ११. कार्यक्रमगत वित्तीय तथा भौतिक प्रगति

आर्थिक वर्ष २०८२/०८३ मा महिला बालबालिका तथा समाज कल्याण इकाईअन्तर्गत सञ्चालन भएका कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम (रु.) | खर्च (रु.) | खर्च (%) |
|---|---|---|---|---|
| १ | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान | १,००,००० | ७०,००० | ७० |
| २ | बालविवाह अन्त्यका लागि समुदाय परिचालन | १,५०,००० | १,४८,७०० | ९९.१३ |
| ३ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस | १,००,००० | ८८,८०० | ८८ |
| ४ | अपाङ्गता पुनर्स्थापना सहयोग | ३,००,००० | २,८५,००० | ९५ |
| ५ | महिला सीप विकास एवं आयआर्जन | ५,००,००० | ४,९५,००० | ९५ |
| ६ | ज्येष्ठ नागरिक तथा असहाय | ६,००,००० | ४,२०,००४.७३ | करिब ७० |
| जम्मा | ‘ | १७,५०,००० | १५,०७,५०४.७३ | करिब ८६.१४ |

उपलब्ध विवरणअनुसार उल्लेखित छ वटा कार्यक्रमका लागि कुल रु. १७,५०,००० विनियोजन भएको र रु. १५,०७,५०४.७३ खर्च भएको देखिन्छ।

## १२. कार्यक्रमका उपलब्धि

आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन भएका कार्यक्रमको समग्र समीक्षा गर्दा लक्षित वर्गसँग प्रत्यक्ष सम्पर्क विस्तार भएको, अधिकार तथा सामाजिक विषयमा छलफलको वातावरण बनेको र स्थानीय तहबाट सामाजिक संरक्षण तथा सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने आधार सुदृढ भएको देखिन्छ।

- लैङ्गिक हिंसा तथा महिला अधिकारका विषयमा स्थानीय समुदाय, महिला समूह, किशोरकिशोरी तथा सरोकारवालाको सचेतना अभिवृद्धि भएको।
- बालविवाहका कारण, कानुनी व्यवस्था तथा यसको सामाजिक, शैक्षिक र स्वास्थ्यसम्बन्धी असरबारे विद्यार्थी तथा शिक्षकमा जानकारी वृद्धि भएको।
- महिला अधिकार, लैङ्गिक समानता तथा निर्णय प्रक्रियामा महिलाको सहभागिताका विषयमा समुदायस्तरमा छलफल तथा सकारात्मक धारणा विकास भएको।
- १८ जना अपाङ्गता भएका व्यक्तिले सीपमूलक तालिम प्राप्त गरी सीप तथा आत्मनिर्भरतातर्फ अघि बढ्ने अवसर पाएका।
- ९ जना महिला कृषकलाई व्यावसायिक कृषि उत्पादनमा संलग्न गराई आयआर्जनको सम्भावना विस्तार गर्ने आधार तयार भएको।

- ११८ जना ज्येष्ठ नागरिक तथा असहाय नागरिकले आवश्यक सामग्री प्राप्त गरी दैनिक जीवनयापनमा सहयोग पुगेको।
- विद्यालय, वडा कार्यालय, महिला समूह, आमा समूह, शिक्षक तथा समुदायबीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने अभ्यास सुदृढ भएको।

### १३. कार्यक्रमका सबल पक्ष

कार्यक्रम कार्यान्वयनका क्रममा उपलब्ध स्रोतसाधन तथा स्थानीय संरचनाको उपयोग गरी लक्षित वर्गसम्म कार्यक्रम पुऱ्याउने प्रयास गरिएको छ। स्थानीय आवश्यकता र समुदायको सहभागितालाई आधार बनाई कार्यक्रम सञ्चालन हुनु यस इकाईको महत्वपूर्ण सबल पक्षका रूपमा रहेको छ।

- स्वीकृत वार्षिक कार्यक्रमअनुसार विषयगत प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गरिएको।
- लक्षित वर्ग पहिचानमा सम्बन्धित वडा कार्यालय तथा स्थानीय सरोकारवालासँग समन्वय गरिएको।
- विद्यालय तथा समुदायलाई बालविवाह र लैङ्गिक हिंसा न्यूनीकरणका कार्यक्रमसँग जोडिएको।
- महिला तथा अपाङ्गता भएका व्यक्तिका कार्यक्रमलाई सीप, उत्पादन तथा आत्मनिर्भरतातर्फ जोड्ने प्रयास गरिएको।
- ज्येष्ठ नागरिक तथा असहाय नागरिकका लागि प्रत्यक्ष सहयोग उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको।
- स्थानीय जनप्रतिनिधि, कर्मचारी, शिक्षक, महिला समूह तथा समुदायबीच सहकार्यको वातावरण कायम भएको।

### १४. समस्या तथा चुनौती

- कार्यक्रमका लागि विनियोजित बजेट र उपलब्ध स्रोतसाधन सीमित हुँदा लक्षित वर्गको आवश्यकता तथा मागअनुसार कार्यक्रम विस्तार गर्न कठिनाइ भएको।
- सबै वडामा समान रूपमा कार्यक्रम सञ्चालन तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्न भौगोलिक दूरी तथा पहुँचका कारण चुनौती देखिएको।
- सचेतनामूलक कार्यक्रमको प्रभाव तत्काल मापन गर्न कठिन भएकाले कार्यक्रमबाट भएको दीर्घकालीन व्यवहारगत परिवर्तनको अभिलेख राख्न चुनौती रहेको।
- सीप विकास तथा आयआर्जनमुखी कार्यक्रम सञ्चालन भए पनि तालिमपछि उत्पादन, बजार पहुँच तथा वास्तविक आयआर्जनको निरन्तर अनुगमन गर्न कठिनाइ भएको।
- अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा असहाय नागरिकका लागि आवश्यकताअनुसार सेवा तथा सहयोग उपलब्ध गराउन स्रोतसाधनको सीमितता रहेको।
- वडा कार्यालय तथा अन्य सरोकारवाला निकायबाट लाभग्राही विवरण प्राप्त गर्न समय लाग्ने

## १५. सुधार गर्नुपर्ने पक्ष

कार्यक्रम सञ्चालनबाट सकारात्मक उपलब्धि प्राप्त भए तापनि कार्यक्रमको पहुँच, निरन्तरता, अभिलेख व्यवस्थापन तथा प्रभाव मूल्याङ्कनका क्षेत्रमा थप सुधार आवश्यक देखिएको छ।

- सबै वडालाई समेट्ने गरी कार्यक्रमको पहुँच तथा सहभागिता थप विस्तार गर्नुपर्ने।
- कार्यक्रम छनोटअघि लक्षित वर्गको आवश्यकता पहिचान गरी आधारभूत तथ्यांक तयार गर्नुपर्ने।
- सचेतनामूलक कार्यक्रमलाई एकपटकको गतिविधिमा सीमित नराखी निरन्तर अभिमुखीकरण तथा अनुगमनसँग जोड्नुपर्ने।
- महिला सीप विकास कार्यक्रमलाई उत्पादन, बजार तथा आम्दानीको अभिलेखसँग जोडेर परिणाम मापन गर्नुपर्ने।
- अपाङ्गता भएका व्यक्तिका लागि तालिमपछि उत्पादन, रोजगारी तथा आयआर्जनको अवस्थासमेत अनुगमन गर्नुपर्ने।
- ज्येष्ठ नागरिक तथा असहाय कार्यक्रमका लाभग्राही विवरण नियमित अद्यावधिक गरी दोहोरो लाभग्राहीको सम्भावना न्यूनीकरण गर्नुपर्ने।
- कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति नियमित रूपमा समीक्षा गरी कम प्रगति भएका कार्यक्रमको कारण पहिचान गर्नुपर्ने।

## १५. निष्कर्ष

आर्थिक वर्ष २०८२/०८३ मा महिला, बालबालिका तथा समाज कल्याण इकाईबाट स्वीकृत वार्षिक कार्यक्रमअनुसार महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रम अन्तर्गत जनचेतना अभिवृद्धि, समुदाय परिचालन, महिला सशक्तीकरण, सीप विकास, आयआर्जन, अपाङ्गता पुनर्स्थापना तथा ज्येष्ठ नागरिक तथा असहाय नागरिकलाई सहयोग उपलब्ध गराउने कार्य सम्पन्न भएको थियो। सचेतनामूलक कार्यक्रमबाट लैङ्गिक हिंसा तथा बालविवाहजस्ता सामाजिक समस्याबारे समुदायमा छलफल गर्ने वातावरण बनेको छ। महिला दिवस तथा महिला सीप विकास कार्यक्रमले महिला अधिकार, सहभागिता तथा आर्थिक सशक्तीकरणका विषयलाई स्थानीयस्तरमा उठान गरेको थियो। अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालन गरिएको सीपमूलक कार्यक्रमले आत्मनिर्भरतातर्फ अघि बढ्ने अवसर प्रदान गरेको छ भने ज्येष्ठ नागरिक तथा असहाय कार्यक्रमले लक्षित नागरिकलाई तत्काल आवश्यक सामग्री उपलब्ध गराई दैनिक जीवनयापनमा सहयोग पुर्याएको छ।

समग्रमा, उपलब्ध स्रोतसाधनको सीमाभित्र रही सञ्चालन गरिएका कार्यक्रमबाट लक्षित वर्गमा सकारात्मक प्रभाव परेको देखिन्छ।

अनुसूची-१

**समग्र बजेट तथा कार्यक्रम कार्यान्वयनको सारांश**

| क्र.सं. | कार्यक्रम | मुख्य गतिविधि | लाभान्वित/सहभागी | मुख्य उपलब्धि |
|---|---|---|---|---|
| १ | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान | , अन्तर्क्रिया, सचेतना | २५०+ | लैङ्गिक हिंसाविरुद्ध सचेतना |
| २ | बालविवाह अन्त्यका लागि समुदाय परिचालन | विद्यालयस्तरीय सचेतना तथा अन्तरक्रिया | ३००+ | बालविवाहको असरबारे जानकारी |
| ३ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस | र्याली तथा महिला अधिकारसम्बन्धी अन्तरक्रिया | ३००+ | महिला अधिकार तथा समानताबारे जागरण |
| ४ | अपाङ्गता पुनर्स्थापना सहयोग | डल्लो साबुन तथा फिनेल तालिम | १८ | सीप तथा आत्मनिर्भरतातर्फ प्रोत्साहन |
| ५ | महिला सीप विकास एवं आयआर्जन | अकबरे खुर्सानी खेती | ९ महिला कृषक | उत्पादन तथा आयआर्जनको आधार |
| ६ | ज्येष्ठ नागरिक तथा असहाय | सहयोग सामग्री वितरण | ११८ | दैनिक जीवनयापनमा सहयोग |

**अनुसूची-२**

**प्रमुख कार्यक्रमको वित्तीय विवरण**

| कार्यक्रम | विनियोजित रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान | १,००,००० | ७०,००० | ७०% |
| बालविवाह अन्त्यका लागि समुदाय परिचालन | १,५०,००० | १,४८,७०० | ९९.१३% |
| अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस | १,००,००० | ८८,८०० | ८८% |
| अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम | ३,००,००० | २,८५,००० | ९५% |
| महिला सीप विकास एवं आयआर्जन | ५,००,००० | ४,९५,००० | ९५% |
| ज्येष्ठ नागरिक तथा असहाय | ६,००,००० | ४,२०,००४.७३ | करिब ७०% |

## अनुसूची-३

### नियमित सेवा प्रवाह

| क्र.सं. | सेवा/कार्य | अवस्था |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण | नियमित रूपमा सम्पादन |
| २ | अपाङ्गता परिचयपत्र वितरण | नियमित रूपमा सम्पादन |
| ३ | लक्षित वर्गको विवरण संकलन तथा अद्यावधिक | वडागत रूपमा संकलन तथा प्रयोग |
| ४ | सम्बन्धित निकायसँग समन्वय तथा सेवा सहजीकरण | आवश्यकतानुसार सम्पादन |

## अनुसूची-४

### कार्यक्रमसंग सम्बन्धित फोटोहरु

१. लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान











२. बालविवाह अन्त्यका लागि समुदाय परिचालन








३. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महिला दिवस


११५ औं अन्तर्राष्ट्रिय महिला दिवस


Constructed by:
NYAYA HEALTH NEPAL
with the financial support from
CTI FOUNDATION
Godrej & Boyce Mfg. Co. Ltd.
in co-operation with
Ministry of Health, Government of Nepal
"सबै महिला र बालबालिकाको लागी अधिकार, न्याय र कार्यसहितको अवसर"
"Rights. Justice. Action. For All Women and Girls"
११६ औं अन्तर्राष्ट्रिय महिला दिवस
२४ फागुन, २०८२
8th March, 2026
INTERNATIONAL WOMEN'S DAY
INTERNATIONAL WOMEN'S DAY
आयोजक

४. अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित  पुनर्स्थापना सहयोग कार्यक्रम










५. महिला सीप विकास एवं आयआर्जन कार्यक्रम









६. ज्येष्ठ नागरिक तथा असहाय कार्यक्रम







